ISSN NO . 2676–1297

# 'हरिदत्त' कथामा आख्यान तत्त्व

**सुशिला ढकाल अधिकारी***

***अध्ययनसार***

*प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'हरिदत्त' कथामा प्रयुक्त आख्यान तत्त्वको अध्ययनमा केन्द्रित रहेको छ। विश्वेश्वरप्रसाद कोइराला आधुनिक नेपाली आख्यान साहित्यअन्तर्गत सामाजिक, मनोवैज्ञानिक, यथार्थवादी कथाकार हुन् । 'हरिदत्त' कथा कोइरालाको उत्कृष्ट यौन मनोवैज्ञानिक कथाहरूमध्येको एउटा महत्त्वपूर्ण कथा हो । यसमा एकातिर हरिदत्तको दमित र कुण्ठित यौनमनोविज्ञानको चित्रण गरिएको छ भने अर्कोतिर उसको मनमा व्याप्त निराशाको भाव र अस्थिर मनस्थितिको पनि सरल र रोचक शैलीमा वर्णन गरिएको छ । 'हरिदत्त' कथामा आख्यान तत्त्वको उपयोग के कसरी गरिएको छ भन्ने जिज्ञासालाई मूल समस्याका रूपमा लिएर उक्त कथामा प्रयुक्त आख्यानतत्त्वको विश्लेषण गर्ने उद्देश्य यसमा राखिएको छ। पुस्तकालय अध्ययनद्वारा सामग्री सङ्कलन गरी विश्लेषण विधिको प्रयोगबाट कथाको तत्त्वगत अध्ययन गरी निर्धारित तत्त्वहरूलाई कुशलताका साथ प्रयोग गरी कथालाई उत्कर्षमा पुऱ्याइएको छ। कथामा प्रयुक्त आख्यान तत्त्वलाई हेर्दा विश्वेश्वरप्रसाद कोइरालाको हरिदत्त कथामा पुरुष यौनमनोविज्ञानलाई सूक्ष्म ढङ्गबाट केलाएर प्रस्तुत गरिएको यस अध्ययनबाट निष्कर्ष निकालिएको छ ।*

**प्रमुख शब्दावली** : आख्यान, आत्मिक, मनोवैज्ञानिक, यौनकुण्ठा, वाणिज्य ।

## १.विषयप्रवेश

आख्यानकार विश्वेश्वरप्रसाद कोइरालाको 'हरिदत्त' कथामा प्रयुक्त आख्यान तत्त्वको विश्लेषणमा प्रस्तुत लेख केन्द्रित रहेको छ। कोइरालाको जन्म वि.स. १९७१ भाद्र २४ गते माता दिव्या कोइराला तथा पिता कृष्णप्रसाद कोइरालाका पुत्ररत्नका रूपमा भएको थियो। उनले नेपाली साहित्यमा वि.सं. १९९२ देखि कथालेखनको आरम्भ गरेका हुन्। उनको पहिलो हिन्दी कथा 'वहाँ' हो र यो कथा बनारसबाट प्रकाशित हुने प्रसिद्ध हंस (सन् १९३१), पत्रिकामा प्रकाशित भएको थियो भने पहिलो नेपाली कथा 'चन्द्रवदन' चाहिँ शारदा (वि.स.१९९२) पत्रिकामा प्रकाशित भएको थियो। फुटकर कथाबाट साहित्यिक यात्रा सुरु गरेका कोइरालाले यौनमनोविज्ञानलाई नेपाली कथामा भित्र्याउने काम गरे। नेपाली साहित्य जगत्मा कथाकार, उपन्यासकार, कवि दैनिकी लेखन, समीक्षक, आत्मवृत्तान्तका रूपमा परिचित रहेपनि कोइरालाको पहिचान मूलतः आख्यानकारका रूपमा विशिष्ट रहेको पाइन्छ। उनी अन्तर्मुखी परन्तु युगान्तकारी कथाकारका रूपमा परिचित छन् (प्रधान, २०४०, पृ.५८)। आख्यान साहित्यमा उनका *दोषी चश्मा* (२००६), *श्वेतभैरवी* (२०३६) कथा सङ्ग्रह तथा *तीन घुम्ती* (२०२५), *नरेन्द्रदाइ* (२०२६), *सुम्निमा* (२०२६), *मोदिआइन* (२०३६), *यहुदी र हिटलर* (२०४०), *बाबु,आमा* र *छोरा* (२०४६), गरी छ ओटा उपन्यास पनि प्रकाशित भएका छन्।

'हरिदत्त' कथा २००५ सालमा युगवाणी पत्रिकामा छापिएको थियो। *दोषी चश्मा* कथासङ्ग्रहमा (२००६) मा समेत यो कथासङ्गृहीत छ। यो कथा कोइरालाका उत्कृष्ट यौनमनोवैज्ञानिक कथाहरूमध्येको एउटा महत्त्वपूर्ण कथा हो। यसमा एकातिर हरिदत्तको दमित र कुण्ठित यौनमनोविज्ञानको चित्रण गरिएका छ भने अर्कोतिर उसको मनमा व्याप्त निराशाको भाव र अस्थिर मनस्थितिको पनि सरल र रोचक शैलीमा वर्णन गरिएको छ। हरिदत्तले आफ्नो साथीलाई आफू सफल प्रेमी, सफल व्यापारी र सफल राजनीतिज्ञका रूपमा चिनाउने प्रयास गरे पनि कतैबाट प्रभावकारी भूमिका निर्वाह गर्नसकेको देखिँदैन त्यसैले गर्दा उसको जीवन समस्यैसमस्याग्रस्त बनेको देखिन्छ। कुनै पनि

*लेखक भाषा वाङ्मयको क्षेत्रमा अनुसन्धानरत छिन् ।

काम गर्दा दृढविश्वासका साथ लगनशील भएर गर्न नसकेको हुनाले ऊसको प्रेम, पढाइ र राजनीति तीनै क्षेत्रमा असफल भएको देखिन्छ। हरिदत्तको दमित यौनकुण्ठा, निराशा र अस्थिर मनस्थितिको चित्रणका दृष्टिले यो कथा उत्तम कथाका रूपमा देखिन्छ। यस कथामा विभिन्न संस्मरण शृङ्खला वा घटनाहरूलाई विश्वेश्वरप्रसाद कोइरालाले कथानकीय रूप दिएका छन्।

'हरिदत्त' कथामा केकस्ता आख्यान तत्त्वहरूको प्रयोग गरिएको छ, यसको बनोट, भाषाशैली जस्ता विभिन्न तत्त्वहरूका आधारमा यहाँ 'हरिदत्त' कथाको विश्लेषण गरिएको छ।

'हरिदत्त' कथा विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित उत्कृष्ट यौनमनोवैज्ञानिक कथाहरूमध्येको एउटा उल्लेखनीय कथा हो। यसमा एकातिर हरिदत्तको दमित र कुण्ठित यौनमनोविज्ञानको चित्रण गरिएको छ भने अर्कातिर उसको मनमा व्याप्त निराशाको भावसँगै अस्थिर मनस्थितिको सरल र रोचक शैलीमा वर्णन गरिएको छ। यस कथामा देखिएका तत्त्वगत पक्षहरू केकस्ता छन् ?भन्ने मूल समस्यामा केन्द्रित रहेर कथामा प्रतिविम्बित, विषयवस्तु, चरित्र, शिल्पशैली परिवेशजस्ता आख्यान तत्त्वहरूका आधारमा 'हरिदत्त' कथाको विश्लेषण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। विश्वेश्वरप्रसाद कोइरालाको 'हरिदत्त' कथाको विभिन्न प्रकृति वा कोणबाट अध्ययन र विश्लेषण गरिएको छ। यहाँ पुस्तकालयीय अध्ययनलाई मूल स्रोतका रूपमा मानिएको छ। प्रस्तुत अध्ययनलाई पूर्णता दिनका लागि प्राथमिक तथा द्वितीयक स्रोत सामग्रीको उपयोग गरी ती सामग्रीहरूमध्ये 'हरिदत्त' कथामा केन्द्रित भई सङ्कलन गरिएका सामग्री एवं धारणाहरू प्राथमिक स्रोतका रूपमा रहेका छन् भने यस कथाका विषयमा समीक्षा एवं प्रकाश पारिएका सन्दर्भबाट जम्मा गरिएका सामग्री द्वितीयक स्रोतका रूपमा रहेका छन्। यहाँ यस 'हरिदत्त' कथालाई वर्णनात्मक, विश्लेषणात्मक विधिको अवलम्बन गर्दै विवेचना गरिएको छ।

**२.कथा विश्लेषणको सैद्धान्तिक आधार**

कथा आख्यानात्मक विधा हो। घटना र चरित्रको संयोजनबाट कथाको निर्माण हुन्छ। कथाका मूलभूत तत्त्वहरू विषयवस्तु/कथानक, पात्र/चरित्र, पर्यावरण/ परिवेश, मूलकथ्य/सन्देश, भाषाशैली आदि हुन् (बराल,२०४८, पृ.४७)। यिनै आख्यान तत्त्वहरूलाई आधार बनाएर यहाँ शीर्षकीय सार्थकतासहित नेपाली कथा साहित्यमा मनोविज्ञानलाई भित्र्याउने प्रथम कथाकार (बराल,२०६१, पृ.२४) का रूपमा सुपरिचित विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'हरिदत्त' कथाको आख्यान तत्त्वगत निम्न आधारमा विश्लेषण गरिएको छ।

**(क) विषयवस्तु/कथानक**

कथावस्तु कुनै विषय / विधा र रचनाका सन्दर्भमा विषयवस्तु मूल रूपमा रहने गर्छ। विषयवस्तु बारे कथानक निर्माण गरिन्छ। कथानक नै कथाको बृहत्तम् तत्त्व, घटक वा अवयव भनिएको छ (बराल, २०७९, पृ.१८८)। पहाडी ग्रामीण क्षेत्रको आर्थिक दृष्टिले गरिब एउटा केटो हरिदत्त शहरमा उसकी दिदी धनी मान्छेको घरमा काम गर्न बसेकी र त्यहीँ ऊ पनि बसेको र त्यहीँबाट कलेज जाने/आउने क्रममा आफ्नो आर्थिक स्थिति कमजोर भए तापनि ऊ आफ्नो यथार्थ कुरा लुकाउन खोज्छ। ऊ गरिबी यौनकुण्ठा, कमजोर मनस्थिति र हीन भावनाले ग्रस्त भएकै हुनाले यी सबै कुराको क्षतिपूर्ति गर्न नसकेपछि विभिन्न खालका लुगाहरू फेरिफेरि लगाएर म आर्थिक र सामाजिक दृष्टिले राम्रो परिवारको व्यक्ति हुँ भनेर आफ्ना साथीहरूसमक्ष धन, सम्पत्ति र रूपको घमन्ड देखाउने हुँदा उसका सबै साथीहरूले उसको गफ पत्याउने गर्छन्। हरिदत्त र म पात्र असाध्यै मिल्ने साथी थिए। हरिदत्त आफ्नो साथी म पात्रलाई भेटन बेलाबेलामा उसको घरमा आउँछ। यसै क्रममा एकदिन हरिदत्त मिठाई बोकेर म पात्रको घरमा आउँछ। आफू र साथीले खाइसकेपछि म पात्रकी नोकर्नीकी छोरी पार्वतीलाई मिठाई दिन लाज मान्छ र यो काम साथीलाई गरिदिन आग्रह गर्छ। पार्वतीलाई उसले आत्मिक प्रेम गर्छ। म पात्रलाई आफूले कुरा गरेर प्रेमभाव देखाएर पार्वतीलाई आफूतिर आकर्षित गर्न सक्छ जस्तो लाग्दैन। हरिदत्त पार्वतीलाई प्रेमिका बनाउने कार्यमा म पात्रसित सहयोग गर्न अनुरोध गर्दछ। म पात्रले साथीको प्रस्ताव अस्वीकार गर्छ।

धेरै समयको अन्तरालपछि दुवै साथीबिच भेटघाट हुन्छ। भेट हुँदा परीक्षाफल प्रकाशित भएको हुन्छ। परीक्षामा म पात्र उत्तीर्ण हुन्छ भने हरिदत्त चाहिँ अनुत्तीर्ण हुन्छ। आफू परीक्षामा असफल हुनुको कारण पार्वतीको प्रेमसागरमा डुबी पढ्न मन नलागेर तथा देशको स्वतन्त्रता र उन्नति प्रगतिका लागि राजनीतिक सङ्घर्षमा जुटेकाले पढ्न नभ्याएर उत्तीर्ण हुन नसकेको हुँ भन्छ। बढी किताबको किरो बनेर केही अर्थ छैन, सामाजिक सम्मान र प्रतिष्ठाको लागि क्रान्तिकारी राजनीतिक सङ्गठनमा आबद्ध भएर सत्ता एवं सरकार विरोधी आन्दोलनमा सक्रिय हुनुपर्छ भनेर देशभक्तिको बयान गर्छ। धेरै धनसम्पत्ति कमाउनको लागि मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा पढ्न छोडी भविष्यमा छिट्टै प्रशस्त रुपियाँ कमाई सुखी जीवनयापन गर्नका लागि वाणिज्य शास्त्र विषय पढ्नुपर्छ, यसबाट व्यापार गर्न पनि राम्रो हुन्छ र ज्ञान र सिप पनि सिक्न सकिन्छ , हामीले पढिरहेको विषयबाट उच्च शिक्षा हासिल गरेर त्यही जागिर खाने मात्र त हो नि, त्यो जागिरबाट कति पो पैसा आउने हो र ? यस्तो पढाइको कुनै अर्थ छैन भनेर गफ दिन्छ। साथी म पात्रलाई उसले देशभक्तिको पाठ पढाएर जिल्ल पारिदिन्छ। हरिदत्तले म पात्रलाई आफूसित राजनीतिक क्रान्तिमा सक्रिय हुन नुन र चिनी आदिको बोरामा हातहतियार लुकाएर ल्याई राज्यसत्ताविरुद्ध सङ्घर्षमा सक्रिय हुन अनुरोध गर्दछ। आफू पढेर सफल हुन नसकेको कुण्ठित मनलाई यस्तै-यस्तै उडन्ते गफ दिएर सन्तुष्टि लिने कोसिस गर्दछ।

केही समयपछिको भेटमा हरिदत्त आफू पार्वतीको प्रेममा समर्पित भएर बसेको र पार्वतीप्रतिको आफ्नो आत्मिक पवित्र प्रेमलाई अमर तुल्याउने उद्देश्यले दाइको तीन सय रुपियाँ चोरेर पार्वतीकै नाममा एउटा उच्चस्तरको चिया बेच्ने कम्पनी खोलेको छु भनेर म पात्रलाई बताउँछ। उसले साथीलाई चिया खान आफ्नो डेरामा जानका लागि आग्रह गर्छ। चिया खान म पात्र डेरामा पुग्दा त्यहाँ चिया खानका लागि दुध, चिनी किन्ने पैसा नभएको र उसको दयनीय अवस्था देख्दा अत्यन्तै दुःख मान्छ। चियाको बोरामा भने पारू चिया कम्पनी लेखेको देख्छ। उसको कोठामै चियाका बोराहरू राखिएको र खानपिनको स्थिति हेर्दा उसको अवस्था टिठलाग्दो रहेको देखिन्छ तर पनि हरिदत्त आफू चिया व्यापार गरेर धनी हुने र सुविधासम्पन्न जीवन यापन गर्ने गफ लगाउन छोड्दैन। यसरी चरित्र प्रधान यो कथा आदि, मध्य र अन्त्यको संरचनामा तयार भएको देखिन्छ। कोइराला यस कथामा मनोविज्ञान अझ यौन मनोविज्ञानलाई सफलता साथ प्रयोग गर्ने कथाकारका रूपमा देखिन्छ (प्रधान, २०४०, पृ.४९) । हरिदत्त कथा यौनमनोविज्ञानको आकर्षक प्रस्तुतिले भरिएको छ।

**ख) पात्र/चरित्र**

आख्यानमा देखापर्ने व्यक्तिहरू विभिन्न प्रकारका नैतिक र अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् र यसै अभिलक्षणका कारण तिनलाई चरत्रि भनिन्छ (बराल, २०७९, पृ.३००)। 'हरिदत्त' कथाको प्रमुख पात्रका रूपमा हरिदत्त देखापरेको छ। कथा कथन गर्ने पात्रका रूपमा म पात्रलाई लिन सकिन्छ। म पात्रको घरमा काम गर्ने नोकर्नी र उसकी छोरी पार्वती नारी पात्रका रूपमा देखा पर्दछन्। हरिदत्तको दाजु, पार्वतीको पति रणवीर, हरिदत्त एवूंम पात्रका विद्यालयमा सँगसँगै पढ्ने साथीहरू पुरुष पात्रका रूपमा देखापरेका छन्।

**हरिदत्त**

'हरिदत्त' कथाको प्रमुख पात्र हो हरिदत्त। ऊ आर्थिक दृष्टिले गरिब छ। यौनकुण्ठाले ग्रस्त बनेको ऊ हीनभावनाले ग्रसित भएको हुनाले पार्वतीसित आत्मिक रूपमा प्रेम गरेको भए तापनि खुलस्त भएर आफूले पार्वतीसँग प्रेमप्रस्ताव राख्न सक्दैन। पार्वतीसँग प्रेम गर्ने कार्यमा मद्दत गरिदिन उसले आफ्नो मिल्ने साथी म पात्रलाई अनुरोध गर्दछ तर साथीले प्रस्ताव सुनेपछि आत्तिएको देखाएर अप्रत्यक्ष रूपमा यस्तो कुरामा मद्दत गर्न अनिच्छुक रहेको सङ्केत देखाउँछ। हरिदत्तको आर्थिक स्थिति कमजोर भए पनि ऊ आफ्नो यथार्थ कुरा सबैलाई लुकाउन खोज्छ। ऊ गरिबी, यौनकुण्ठा, कमजोर मनस्थिति र हीनभावनाले ग्रस्त भएकै हुनाले यी सब कुराको क्षति पूरा गर्न नसकेपछि विभिन्न खालका लुगाहरू फेरिफेरि लगाएर म धनी परिवारको व्यक्ति हुँ भन्ने गफ लगाएर आफ्नो गरिबीको अवस्थालाई सबैको सामु लुकाउन खोज्छ। पार्वतीसँगको एकोहोरो आत्मिक प्रेम सफल नभएपछि मिठाई किनी लगेर म पात्रमार्फत पार्वतीलाई दिन लगाएर तथा पार्वतीको नाममा पारू नामको चिया कम्पनी खोलेर यौनकुण्ठालाई सन्तुष्टि दिने प्रयास गर्छ। पढाइलाई

ठुलो नमान्ने हरिदत्त सुविधासम्पन्न जीवनयापन गर्ने हो भने धेरै धनसम्पत्ति कमाउने मन छ भने व्यापार गर्नुपर्छ, यसका लागि सामान्य तरिकाले वाणिज्यशास्त्र पढे हुन्छ भन्छ।

कमर्सले व्यापारमा काम दिन्छ व्यावसायिक जीवनमा मद्दत हुन्छ। यो स्कुलमा कमर्स छैन। हालै कमर्स सिकाउने स्कुल खुलेको छ, त्यही नाम लेखाउँछु। तिमी बिए पास गऱ्यौ भने रु.४० रूपियाँ पाउला। कमर्समा सफल भइयो भने हात पसारेर फल टिप्न मात्रै हो(कोइराला, २०७३, पृ.२४ ) ।

पढाइलाई खासै धेरै महत्त्व दिँदैन। पार्वतीको प्रेममा फसेको र देशको चिन्ता लिएर राजनीति गर्नाले पढ्न नसकी अनुत्तीर्ण भएको बताउने हरिदत्त प्रेम, पढाइ, राजनीति र व्यापार कुनै कुरामा पनि सफल भएको देखिँदैन। साथी म पात्रलाई कोठामा लगेको बेलामा चिया खुवाउनका लागि दुध र चिनी किन्ने पैसा नभएकाले उल्टै साथीसित पैसा मागी चिया बनाएर दिएको प्रसङ्गले उसको गरिबीको अवस्था प्रस्ट झल्किएको पाइन्छ। आफ्नो अवस्था दयनीय भए पनि उसले साथीहरूसित भने राम्रै व्यवहार गरेको देखिन्छ। देशका लागि आफ्नो शरीर समर्पित गरेको कुरा गरेर समाजबाट प्राप्त हुनुपर्ने सम्मानको अभाव पूरा गर्ने प्रयास गर्छ। उसले आफ्नी प्रेमिका पार्वतीसित पनि उत्ताउलो र नराम्रो व्यवहार कहिल्यै गरेको देखिँदैन। पार्वतीको नाममा चिया कम्पनी खोलेर सम्मानको भाव प्रकट गरेको पाइन्छ। पढाइको भन्दा धनसम्पत्तिको महत्त्वपूर्ण भूमिका हुन्छ भन्छ। अस्थिर प्रकृतिको हरिदत्तले सफलताका लागि सङ्घर्ष गरिराखेकोबाट उसलाई जीवनप्रति सकारात्मक पात्रकै रूपमा लिनसकिन्छ।

**म पात्र**

'हरिदत्त' कथाको अर्को महत्त्वपूर्ण पात्र म पात्र हो। कथालाई कथन गर्ने काम पनि म पात्रले नै गरेको देखिन्छ। आर्थिक र सामाजिक दृष्टिकोणले हेर्दा मध्यम स्तरको म पात्रले सबैजनासँग राम्रो व्यवहार गरेको देख्नसकिन्छ। घरमा नोकरचाकर राख्ने हैसियत भएको म पात्र आवश्यक परेको बेलामा चियाखाजा खानका लागि रुपियाँ खर्च गर्न सक्ने व्यावहारिक दृष्टिले पनि सचेत, सजक र सतर्क भएको देखिन्छ। भएको नभएको गफ लगाउँदै हिँड्ने हरिदत्त जस्ता साथीलाई पनि उसले केही भनेको देखिँदैन। नचाहिँदो कुराहरूमा नफस्ने र आफ्ना जति सबैसित राम्रो व्यवहार गर्ने हरिदत्त जस्तो साथीलाई प्रायः सधैँजसो साथ दिने र समाजसेवामा रुचि राख्ने आफूले मिहिनेत गरी पढेर परीक्षामा उत्तीर्ण हुने, हरिदत्तलाई आफ्नो घरमा बोलाएर चियाखाजा खुवाउने तथा उसले जतिबेला बोलाए पनि भेट्न जाने, उसको डेरामा समेत जाने, परेको बेला उसलाई सहयोग पनि गर्ने म पात्रको स्वभाव देखिन्छ। म पात्र हरिदत्तको दाँजोमा राम्रो पात्रको रूपमा लिनसकिन्छ। अनावश्यक गफ लगाउने हरिदत्तलाई उसले झन् सहयोग गरेको पाइन्छ। उसका कुरा सुनिदिने र उचित मित्रताको भाव प्रकट गरेको पनि देखिन्छ। कथामा म पात्र अनुकूल पात्रका रूपमा देखापरेको छ। चरित्र विधानका दृष्टिले हरिदत्त कथा महत्त्वपूर्ण रहेको पाइन्छ।

**ग) पर्यावरण/परिवेश**

पर्यावरण/परिवेशले स्थान समय र वातावरणलाई सङ्केत गर्छ। परिवेशको जीवन्तताले कथालाई जीवन्त र स्मरणीय बनाउँछ। कथालाई तिख्खर बनाउने उपकरणका रूपमा पर्यावरण/परिवेशलाई लिइन्छ (बराल, २०४८, पृ.७४)। 'हरिदत्त' कथामा गाउँ र शहर दुवै थरी स्थानगत परिवेशको वर्णन गरिएको पाउन सकिन्छ। म पात्रसँग हरिदत्तले राजनीतिक कुरा गरेको र राजनीतिक परिवर्तनका लागि सत्ताविरुद्ध सङ्घर्ष गर्नुपर्ने त्यसका लागि पेस्तोल र बन्दुक जम्मा गर्नुपर्ने र तिमी पहाडमा बस्ने भएकाले त्यहाँ तिमी र म मिलेर नुन र चिनीको बोरामा हातहतियार लुकाएर, खजाना (हातहतियारको भण्डारण) बनाउनुपर्छ भनेबाट पहाडी गाउँले परिवेशको सङ्केत गरिएको पाइन्छ। हरिदत्तले डेरा लिएर बसेको ठाउँ, पारु चिया कम्पनी खोलेको ठाउँ, कोठामा अन्य वस्तुका साथै चियाका बोरा राखेको, म पात्र हरिदत्तको डेरामा जाँदाखेरि विभिन्न गल्लीहरू पार गरेर त्यहाँ पुगेको स्थितिको वर्णन गरेबाट प्रस्ट सहरिया परिवेशको सङ्केत गरेको देख्न सकिन्छ। कथामा निम्नलिखित तरिकाबाट प्रस्तुत भएको छ।

कुनाकुना कोप्चा र अँध्यारो गल्ली हुँदै यस्तो गल्लीमा मलाई लिएर गयो, जहाँ सूर्यको किरणको कहिले प्रवेश भएको नहोला। त्यही गल्लीको उपयुक्त एउटा घरभित्र हामी पस्यौँ (कोइराला, २०७३, पृ. २७) हरिदत्तकी दिदी शहरको धनी मान्छेको भव्य घरमा काम गरेर बसेको र सुरु-सुरुमा हरिदत्त पनि त्यही घरमा बसेको हुनाले शहरिया परिवेशको झझल्को पाउनसकिन्छ। हरिदत्तका साथीहरू विद्यालयको चउरमा बसेर कुरा गरेको, राम्ररी पढ्ने म पात्र जस्तो विद्यार्थी उत्तीर्ण भएको र नपढ्ने हरिदत्त जस्तो विद्यार्थी अनुत्तीर्ण भएको प्रसङ्गको चर्चा गरिएको हुनाले शैक्षिक परिवेशको झझल्को देख्न सकिन्छ। समयगत परिवेशको वर्णनका दृष्टिले निरङ्कुश, जनविरोधी शासन व्यवस्थाको अन्त्यका लागि सशस्त्र सङ्घर्ष गर्न पहाडी गाउँले क्षेत्रमा हातहतियार भण्डारण गर्नुपर्ने जस्ता कुराहरूले गर्दा वि.सं.२००७ सालअगाडिको राणाशासनकालीन समय हो भन्ने बुझ्न सकिन्छ। म पात्र तथा धनी मानिसकोमा युवती एवं महिला नोकरी गरेर बसेको तथा मुलुकमा व्याप्त अशिक्षा, गरिबी, बेरोजगारी, हरिदत्तको दयनीय स्थिति आदिको साङ्केतिक रूपमा वर्णन गरिएको हुनाले देशको आर्थिक अवस्था पनि दयनीय रहेको बुझ्नसकिन्छ। म पात्र हरिदत्तको डेरामा पुग्दा उसले देखेको हरिदत्त बसेको गल्लीको चिसो कोठा, बार्दलीमा बनाइएको भान्छाघर, असरल्ल जुठा भाँडाकुँडा, कोठामा फैलिएको चियाको गन्ध, हरिदत्तले म पात्रसित तिमीसँग पैसा भए दुध र चिनी किनी ल्याएर दुध राखेर बनाएको सेतो मिठो चिया खाऔँ होइन भने चियापत्ती मात्रै राखेर बनाएको शुद्ध फिक्का चिया खाऔँ भनेबाट हरिदत्तको आर्थिक दुरवस्थाको सङ्केत गरेको पाइन्छ। यसरी नै कथामा खास गरी हरिदत्तको र केही मात्रामा म पात्रको मानसिक परिवेशको वर्णन पनि गरिएको पाइन्छ।

**घ) मूलकथ्य / सन्देश**

कथा आफैँमा पूर्ण जीवनको सानो अंश वा घटनाको चित्र हो (पराजुली, २०४५, पृ. ३३७)। कोइरालाले ‘हरिदत्त’ कथाको रचना हरिदत्तको यौन मानसिक, आर्थिक र सामाजिक अवस्थाको वर्णन गर्ने उद्देश्यले गरेको देखिन्छ भने तत्कालीन राजनीतिक र शैक्षिक अवस्थाको पनि वर्णन गरेको पाइन्छ। मानिसले दृढ इच्छाका साथ कुनै पनि काम गर्न खोज्दाखेरि कुनै विघ्नबाधा उत्पन्न भएर गर्नखोजेको कार्यमा असफल हुनपुगेमा मानसिक दृष्टिले अस्थिर भएर उसले विभिन्न किसिमका असामान्य व्यवहार देखाउने र असामान्य गतिविधि गर्न थाल्छ भन्ने मनोवैज्ञानिक अवस्थालाई हरिदत्तका क्रियाकलापका माध्यमबाट स्पष्ट पारिएको छ। पढ्न भनेर बसेको विद्यार्थी मान्छे हरिदत्त म पात्रको घरमा काम गर्ने नोकर्नीकी छोरी पार्वतीसित एकोहोरो आत्मिक प्रेम गर्न थाल्छ। उसले म पात्रलाई दिनरात पार्वतीकै बारेमा सोच्दासोच्दै पार्वतीको प्रेममा परेर पढ्न मन नलागेका कारण आफू परीक्षामा अनुत्तीर्ण भएको भन्छ। पढाइमा अनुत्तीर्ण भएको हरिदत्तले उत्तीर्ण भएको म पात्रसित पढाइको खासै महत्त्व छैन, पढेर राम्रो जागिर खान पाइँदैन र राम्रोसित जीवन गुजारा गर्न सजिलो पनि हुँदैन त्यसैले गर्दा म व्यापारतिर लाग्छु र त्यसका लागि काम लाग्ने वाणिज्य शास्त्र पढ्छु भन्छ। हरिदत्त देश र जनताको उज्ज्वल भविष्यका लागि राजनीतिक परिर्वतनको आवश्यकता छ भन्दै आफू राजनीतिमा सक्रिय भएको देखिन्छ भने म पात्रलाई पनि राजनीतिमा सक्रिय हुनुपर्ने सन्देश दिन्छ। ऊ लागेको काममा सफलता हासिल गरेर अर्को काम सुरु गर्ने भन्दा पनि अस्थिर र चञ्चल भएर एकपछि अर्को, अर्कोपछि अर्को कार्यमा सक्रिय भइरहेको देखिन्छ। पार्वतीप्रतिको आफ्नो प्रेमलाई अमर बनाउने र धेरै धनसम्पत्ति कमाएर धनी भई सम्पन्न र सुखी जीवन जिउने उद्देश्यका साथ दाजुको पैसा चोरेर ‘पारू चिया कम्पनी’ खोलेर चिया बिक्रीवितरणमा सक्रिय भएको पाइन्छ। आफूले खोलेको चिया कम्पनी खासै चल्न नसकेकाले चिया खानका लागि दुध र चिनी किन्नसमेत साथी म पात्रसित पैसा मागेको छ। इच्छाशक्ति, विश्वास र लगनशीलताको अभावमा कुनै पनि काममा सफलता हासिल गर्न सकिँदैन भन्ने कुरा हरिदत्तको क्रियाकलापमार्फत स्पष्ट पारिएको छ। देशमा जनमुखी लोकतान्त्रिक शासन व्यवस्था भएमा मात्र देश र जनताको कल्याण हुने सङ्केत गर्दै राजनीतिक परिवर्तनको आवश्यकता पनि औँल्याइएको छ। देशको युगीन परिवेशलाई झल्काउँदै हरिदत्तको अस्थिर मनस्थिति, यौनकुण्ठा तथा मनोविश्लेषण गर्ने उद्देश्यमा कथाकारले सफलता प्राप्त गरेको स्पष्ट हुन्छ।

**ङ) भाषाशैली**

'हरिदत्त' कथालाई कथाकार विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो चरणको कथाको रूपमा लिन सकिन्छ। यस कथामा प्रयोग भएका भाषाशैली सरल र सरस रूपमा परिमार्जित गरिएको पाइन्छ। जस्तै : पार्वती मेरी नोकर्नीकी छोरीको नाउँ हो। उसको सम्पत्ति दिन खोजे मेरो के लाग्थ्यो ? पार्वतीलाई म बोलाउँथे। हरिदत्त भन्थ्यो,"तैले पार्वतीलाई दिएस्।'' यसमा बढी मात्रामा जन-जीवनमा भिजेका सरल र तद्‌भव शब्दहरू प्रयोग गरेको पाइन्छ (आकर्षित ,व्यापकता , गुप्ती, हतियार, हलचल र खजाना)। नेपालीमा पचिसकेका तत्सम र आगन्तुक शब्दको प्रयोग पनि प्रशस्त मात्रामा गरिएको छ (कर्तव्य, परीक्षा, दृष्टि, अर्पण, मित्रोचित, काबुली, पिस्तोल, कमर्स, स्कुल र बन्दुक) निपात र अनुकरणात्मक शब्दको प्रयोगबाट कथा मनोरम र रोचक बनेको छ। धेरै जसो शब्दहरू सरल केही मिश्र र संयुक्त वाक्यको प्रयोगभएको र ठाउँठाउँमा रहेका अनुप्रासयुक्त पदावलीले कथालाई रमाइलो र रोचक बनाएको पाइन्छ। सरल र सहज भाषाशैलीको प्रयोग भएको हुनाले सर्वसाधारण पाठकलाई यो कथा बुझ्न सजिलो भएको छ।

**च) शीर्षकीय सार्थकता**

'हरिदत्त' कथाको मुख्य पात्र हरिदत्त नै हो। यस कथामा मान्छेको स्वभाव ज्यादै महत्त्वाकाङ्क्षी, अस्थिर र परिवर्तनशील हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ। यस कथाको शीर्षक एकै शब्दबाट बनेको पाइन्छ। यस कथामा हरिदत्तकै मनस्थिति र चारित्रिक गतिविधिको चर्चा गरिएको छ। हरिदत्त पढ्न थाल्छ र पढाइ पूरा नगरी एकोहोरो पार्वतीको आत्मिक प्रेममा फस्न पुग्छ। आफूले पार्वतीलाई भन्ने आँट गर्दैन तर आफ्नै साथी म पात्रसित सहयोग गरिदिन अनुरोध गर्दछ। राजनीतिका कुरा खुबै गर्छ तर पनि लगनशील भएर राम्ररी सक्रिय नभएकाले समाजमा चिनिन सकेको देखिँदैन। पढाइ र जागिरभन्दा व्यापार ठुलो हो, यसैबाट सम्पन्न र सुखी जीवनयापन गर्न सकिन्छ भनेर गफ दिँदै हिँडे पनि त्यो कार्य पनि व्यवस्थित र प्रभावकारी ढङ्गले गर्न सक्दैन। आफ्नो यथार्थ एवं चरम गरिबी ढाकछोप गर्न खोज्ने हरिदत्तको यौनकुण्ठा, निराशा, हीनभावना, अस्थिर मानसिकता र सफलता हासिल गर्न नसके तापनि केही न केही काम गर्न नछोड्ने, निरन्तर सक्रिय भैरहने अनौठो प्रवृत्ति हरिदत्तमा देख्न सकिन्छ। कथाकै पात्रका आधारमा शीर्षकको नामकरण गरिएको छ। यस कथामा आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक अवस्थाको समेत चर्चा गरिएको पाइन्छ। यस कथाको आरम्भ, विस्तार र अन्त्य सबैतिर केन्द्रिय चरित्रमा हरिदत्तकै रहेको र उसकै क्रियाकलापको वर्णन अनि यौनमनोविश्लेषण गरिएकाले कथाको शीर्षक सार्थक बनेको पाइन्छ।

**३.निष्कर्ष**

विश्वेश्वरप्रसाद कोइरालाको 'हरिदत्त' कथा हरिदत्तको यौन मानसिक, आर्थिक र सामाजिक अवस्थाको वर्णन गर्ने उद्देश्यले तयार पारिएको देखिन्छ। यस कथाको विषयवस्तु वा कथानक कथाको बृहत्तम् तत्त्व घटक वा अवयवलाई मानिएको छ। यस कथा हरिदत्तकै चरित्रमा केन्द्रित रहेर कथाको विषयवस्तु निर्माण गरिएको छ। पर्यावरण/ परिवेशले स्थान, समय र वातावरणलाई सङ्केत गरेको छ। परिवेशको जीवन्नताले कथालाई जीवन्त र स्मरणीय बनाएको छ। यस कथाको भाषाशैली जनजीवनमा भिजेका सरल र प्रभावकारी रहेका छन्। यी सबै कुराहरू एकआपसमा मिलेको र यस कथाको आरम्भ, विस्तार र अन्त्य सबैतिर केन्द्रिय चरित्र हरिदत्तकै रहेको र उसकै वर्णन अनि यौनमनोविश्लेषण गरिएकाले कथाको शीर्षक सार्थक बनेको पाइन्छ। कोइराला आधुनिक नेपाली आख्यान साहित्यअन्तर्गत मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन्। हरिदत्त कथा कोइरालाका उत्कृष्ट यौनमनोवैज्ञानिक कथाहरूमध्येको एउटा महत्त्वपूर्ण कथा हो। यसमा एकातिर हरिदत्तको दमित र कुण्ठित यौनमनोविज्ञानको चित्रण गरिएको छ भने अर्कोतिर उसको मनमा व्याप्त निराशाको भाव र अस्थिर मनस्थितिको सरल र सहज भाषाशैलीमा व्याख्या गरिएको छ। यसमा हरिदत्तको यौनमानसिक, आर्थिक र सामाजिक अवस्थाको वर्णन गर्ने उद्देश्यले सृजना गरेको देखिन्छ भने सँगसगै तत्कालीन राजनीतिक र शैक्षिक अवस्थाको चित्रण गरेको पाइन्छ। मानिसले कुनै पनि काम गर्दा कुनै पनि विघ्नबाधा उत्पन्न भएर, इच्छा लागेको काम गर्दा असफल हुन पुगेमा मानसिक दृष्टिले अस्थिर भएर उसले विभिन्न किसिमका असामान्य क्रियाकलाप गर्न पुग्छ भन्ने मनोवैज्ञानिक

यथार्थलाई हरिदत्तले गरेका क्रियाकलापबाट स्पष्ट पारिएको छ यसर्थ हरिदत्त कथा प्रभावकारी यौनविज्ञानमा आधारित कथा बन्न पुगेको छ ।

**सन्दर्भ सामग्री**

कोइराला, विश्वेश्वरप्रसाद (२०५४),*दोषी चस्मा,* छैटौं संस्करण, काठमाडौं : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०७३),*दोषी चस्मा,* नयाँ संस्करण, काठमाडौं : साझा प्रकाशन ।

ढकाल, भूपति (२०६०),*विश्वेश्वरप्रसाद कोइरालाको कथा र उपन्यासकोविश्लेषण,* काठमाडौं : ए.बी.सी प्रकाशन ।

देवकोटा, काशीराम (२०६०),*मनोवैज्ञानिक आख्यानकार विश्वेश्वरप्रसादको कथा रउपन्यासको विश्लेषण,* काठमाडौं : लुम्बिनी प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०),*नेपाली कथावलोकन ,* दार्जिलिङ : दीपा प्रकाशन ।

पराजुली, कृष्णप्रसाद (२०४५),राम्रो रचना मिठो नेपाली ,दशौँ संस्करण , काठमाडौं : सहयोगी प्रेस

बराल, ईश्वर (२०४८), *झ्यालबाट,* पाँचौं संस्करण, ललितपुर : साझा प्रकाशन

बराल, ईश्वर (२०७९), *नेपाली साहित्यकोश,* दोस्रो संस्करण, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

बराल, ऋषिराज (२०६१),*नेपाली कथा भाग-३,* तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन

**Email : lucklysushila15@gmail.com**